**बौद्धिक अपाङ्गता भएका बालबालिकालाई कसरी सहयोग गर्ने**
शिक्षा ब्यूरो 2022

**परिचय**
आमाबाबुहरू आफ्ना बालबालिकाहरूलाई भविष्यमा सफल बनाउनको लागि सदैब राम्रो जीवन र सिक्ने वातावरण प्रदान गर्न चाहन्छन्। विशेष शैक्षिक आवश्यकता (SEN) भएका बालबालिकाहरूलाई प्रारम्भिक पहिचान र सहयोग प्रदान गर्दा उनीहरूलाई दैनिक जीवन र सिक्ने वातावरणमा घुलमिल हुन सजिलो बनाउँछ र उनीहरूको क्षमता विकास हुन्छ।

**बौद्धिक अपाङ्गता भनेको के हो ?**
आईडी (ID) भन्नाले जीवनमा सिक्न र घुलमिल हुन उल्लेखनीय कठिनाइका साथ-साथै औसत बौद्धिक क्षमतालाई जनाउँछ।एउटै उमेरका साथीहरूको तुलनामा आइडी भएका बालबालिकाहरूले साधारणतया निम्न क्षेत्रमा कठिनाइहरू देखाउँछन्:

- संज्ञानात्मक: अमूर्त र तार्किक तर्कमा अपेक्षाकृत कमजोरी, र ज्ञान एकीकरण र सामान्यीकरण क्षमता कम हुनु;
- स्मृति: स्मृति प्रणालीमा ह्रास, र घोकिएको स्मृतिमा धेरै भर पर्नु;
- ध्यान: छोटो समयसम्म मात्रै ध्यान दिने बानी हुनु, सजिलै अलमलिने बानी हुनु।
- भाषा: बुझ्न र अभिव्यक्तिमा कठिनाई, सीमित शब्दावली, सरल वाक्य ढाँचा, दोषपूर्ण अभिव्यक्ति हुन सक्छ;
- शरीर र आँखा-हात समन्वय लचिलो नहुनु
- अनुकूल सीप: दैनिक आत्म-हेरचाह र सामाजिक सीपमा तुलनात्मक रूपमा कमजोरी।

**आमाबुबाको भूमिका**
**मेरो बच्चामा आईडी छ जस्तो मलाई लागेको छ...**

- विशेष शैक्षिक आवश्यकता संयोजक (SENCO), कक्षा शिक्षक, विद्यार्थी मार्गदर्शन कर्मचारी वा विद्यालयका सामाजिक कार्यकर्ताहरूसँग सम्पर्क गर्न पहल गर्नुहोस्, ताकि विद्यालयले उचित मूल्याङ्कन र मार्गदर्शन सेवाहरूको व्यवस्था गर्न सकोस्

**मेरो बच्चामा आइडी भएको आँकलन गरिएको छ...**

- आफ्नो बच्चाको SEN जानकारी तुरुन्तै र सक्रियतासाथ विद्यालयमा उपलब्ध गराउनुहोस्
- विद्यालयमा आफ्नो बच्चाको सिकाईको बारेमा बुझ्न विद्यालयको विद्यार्थी समर्थन टोली, कक्षा शिक्षक र विषय शिक्षकहरूसँग संचार कायम राख्नुहोस् ; र आवश्यक परेको बेला तिनीहरूसँग उपयुक्त समर्थन रणनीतिहरूबारे छलफल गर्नुहोस्
- आफ्नो क्षमता अनुसार आफ्नो बच्चाप्रति आफ्नो माग र अपेक्षाहरु समायोजन गर्नुहोस्
- प्रभावकारी सिक्ने सुविधाको लागि घरमा उपयुक्त प्रबन्ध मिलाउनुहोस्, उदाहरणको लागि
    - बच्चालाई शान्त र नअलमल्याउने खालको ठाउँमा अध्ययन गर्ने प्रबन्ध मिलाउनुहोस्
    - नियमित गृह कार्यतालिका सेट गर्नुहोस्, क्रियाकलापको बीच-बीचमा विच्छेद गर्न अनुमति दिनुस्
    - दैनिक तालिकामा र त्यस दिनको लागि थाहा पाउनैपर्ने कुराहरुलाई राम्ररी ध्यान दिनुस् र तपाईंको बच्चा विद्यालय जानुभन्दा पहिले उचित व्यवहार सम्झाउनुहोस्
    - राम्रो प्रदर्शनलाई सुदृढ पार्न तुरुन्तै र विशेष गरी आफ्नो बच्चाको उचित व्यवहारको प्रशंसा गर्नुहोस्
- आफ्नो बच्चाको शिक्षामा मदत गर्न निम्न समर्थन रणनीतिहरू अपनाउनुहोस्:

- ठोस हुनुहोस्: आफ्नो बच्चालाई अपेक्षाकृत जटिल र अमूर्त अवधारणाहरू बुझ्न मद्दत गर्न ठोस उदाहरणहरू र सामग्रीहरू प्रयोग गर्नुहोस्, उदाहरणका लागि, गणितीय गणना सिकाउन ठोस वस्तुहरूको प्रयोग गर्नुहोस्, एक कार्यको प्रत्येक चरण प्रदर्शन गर्नुहोस् र आफ्नो बच्चालाई अनुकरण र अभ्यास गर्न दिनुहोस्
- सिकाइको लागि बहु-संवेदी दृष्टिकोण: तपाईंको बच्चालाई विशेष सिकाइ विषयवस्तु, बुझाउन मद्दत गर्नको लागि बहु-संवेदी सिकाइ सामग्रीहरू जस्तै, ठोस वस्तुहरू, चित्रहरू, कथाहरू, चार्ट/तालिकाहरू, आदि प्रयोग गर्नुहोस्।
- दैनिक जीवनसँग जोड्नुहोस्: आफ्नो बच्चालाई सिकाउन, सिकाईलाई दैनिक जीवनसँग जोड्न, दैनिक जीवनका हरेक मौकाको फाइदा उठाउनुहोस्उदाहरणका लागि, तपाईंको बच्चालाई किनमेल गर्दा हिसाब गर्न र प्याकेजहरूमा विवरणहरू पढ्न प्रोत्साहन दिनुहोस्
- सिकाईको सन्दर्भमा साना कदमहरू: प्रतेक कार्यलाई उपकार्यमा बाध्नुहोस, उप-लक्ष्य राख्नुहोस्, एक-एक गरी सिकाउनुहोस् र प्रशस्त अभ्यास गर्न दिनुहोस्
- बारम्बार सिक्न र अभ्यास गर्न सूचना प्रविधि र अन्तरक्रियात्मक शैक्षिक सफ्टवेयर प्रयोग गर्नुहोस्

➢ आफ्नो बच्चालाई अर्थपूर्ण मनोरञ्जनात्मक क्रियाकलापहरूमा भाग लिन प्रोत्साहन दिनुहोस्। आफ्नो बच्चाको उपलब्धि र आत्मविश्वासको भावना बढाउनुहोस्, र उसको/उनको सामर्थ्य निर्माण गर्नुहोस्

**समर्थन सेवाहरू र रणनीतिहरू**

साधारणतया, विशेषज्ञहरूकोमूल्याङ्कन र सिफारिस र आमाबाबुको सहमतिको अधीनमा रही, शिक्षा ब्यूरोले गहन सहयोगको लागि उपयुक्त विशेष विद्यालयमा आईडी भएका विद्यार्थीहरूलाई स्थान दिनेछ। विद्यालयहरुले विद्यार्थीहरुको आवश्यकता अनुसार निम्न सहयोग प्रदान गर्नेछन्

**विशेष विद्यालयहरू**

आईडी भएका बालबालिकाका लागि तीन प्रकारका विशेष विद्यालय छन् – हल्का, मध्यम र गम्भीर श्रेणीका, जसले आईडीका विभिन्न डिग्री भएका विद्यार्थीहरूलाई शैक्षिक सेवाहरू प्रदान गर्दछ। यी विद्यालयहरूले प्राथमिक एक देखि माध्यमिक छ सम्म कक्षा सञ्चालन गर्छन्। आधारभूत विषय ज्ञान र सीप सिक्ने, आत्म-बोध र समाजसँग सम्बन्ध बढाउनका साथै स्वतन्त्र जीवनयापनका लागि सीप आदिमा पाठ्यक्रम केन्द्रित छ।

**साधारण विद्यालयहरू**

➢ **"3-स्तरीय हस्तक्षेप मोडेल"**
- प्रभावकारी अध्यापन विधि र शिक्षण सामग्री अपनाएर विद्यार्थीहरूलाई 1-स्तरीय गुणस्तरीय सिकाइ प्रदान गर्ने, र विद्यार्थीहरूको सिकाइ प्रगतिको निरन्तर अनुगमनका आधारमा निर्देशनमा समायोजन गर्ने; यसो गर्दा कक्षामा विद्यार्थीहरूको आवश्यकता पूरा गर्न सकिन्छ र सिक्ने र सामाजिक अन्तरक्रियामा तिनीहरूको अनुकूलता बढाउन सकिन्छ।
- 2-स्तरीय "थप" हस्तक्षेप समर्थनको लागि व्यवस्था गर्नुहोस्, जस्तै, सानो समूहमा सिक्ने, विद्यालय पछिको निवारण कार्यक्रम, पुल-आउट निवारण कार्यक्रम, आदि; यसो गरेर विद्यार्थीहरूले महत्त्वपूर्ण सिकाइ धारणा वा सीपहरूमा पोख्त हुन सक्छन्, साधारण कक्षामा सिकेका कुराहरूलाई बलियो बनाउन सक्छन् वा आफ्नो

आत्म-हेरचाह तथा सामाजिक सीपलाई बलियो बनाउन सक्छन्।

- आईडी भएका विद्यार्थीहरूलाई शैक्षिक विषय, सामाजिक सीप र अनुकूल जीवन सीप सिक्न निकै कठिनाइ हुन्छ। साधारणतया, तिनीहरूले व्यक्तिगत 3-स्तरिय समर्थन प्राप्त गर्नु आवश्यक हुन्छ। विद्यालयहरूले उनीहरूका लागि "व्यक्तिगत शिक्षा योजना" डिजाइन गर्नेछन् र उनीहरूको आवश्यकताको आधारमा उपयुक्त व्यक्तिगत सिक्ने उद्देश्यहरू स्थापना गर्न, व्यक्तिगत गहन प्रशिक्षण प्रदान गर्न र उनीहरूको सिक्ने प्रगति र योजनाको प्रभावकारितामा नियमित समीक्षा सञ्चालन गर्न आफ्ना आमाबाबुसँग छलफल गर्नेछन्।

➢ आईडी भएका विद्यार्थीहरूको हेरविचार गर्न प्रायः विद्यालयहरूले प्रयोग गर्ने समर्थन रणनीतिहरू

<u>कार्य विश्लेषण</u>
शिक्षण सामग्रीलाई सानो-सानो चरणहरूमा टुक्र्याउनुहोस्। जटिल अवधारणाको लागि हरेक पटक अवधारणाको एउटा अंश सिकाउनमा ध्यान केन्द्रित गर्नुहोस् ताकि विद्यार्थीहरूले यसलाई चरणबद्ध रूपमा निपुण बनाउन सकून्

<u>मचान</u>
शिक्षण प्रक्रिया को दौरान विभिन्न चरणहरु सेट गर्नुहोस्, जस्तै, ठोस वस्तु प्रदर्शन, मौखिक मार्गदर्शन, चित्र चित्रण, उदाहरण, शब्दावली प्रदान गर्नु, लेखन फ्रेमवर्क, आदि।

<u>सकारात्मक व्यवहार समर्थन</u>
व्यवहारको विश्लेषणद्वारा, विद्यार्थीहरूको समस्यापूर्ण व्यवहारलाई कक्षा उपयुक्त अनुकूलित व्यवहारले प्रतिस्थापन गर्न र सिकाइमा सहभागिता हुने व्यवहारस क्षमतामा तालिम दिनुहोस् र बढाउनुहोस्

<u>साथीको समर्थन</u>
आईडी भएका विद्यार्थीहरू र उनीहरूका साथीहरू बीचको अन्तरक्रियालाई बढावा दिनुहोस्, उदाहरणका लागि, आईडी भएका विद्यार्थीहरूको छेउमा बस्न मिल्ने साथीहरूलाई व्यवस्थित गर्ने, वा विद्यार्थीहरूलाई साथीहरूको अन्तरक्रिया समूहहरूमा भाग लिन मिलाउने

<u>बोलि तथा सञ्चार तालिम</u>
खाँचोमा परेका विद्यार्थीहरूका लागि समूह वा व्यक्तिगत बोलि तथा सञ्चार तालिम प्रदान गर्नुहोस्

➢ व्यवसायिक समर्थन
मूल्याङ्कन, परामर्श र व्यावसायिक समर्थनमा सेवाहरू प्रदान गर्न विद्यालयमा आधारित शैक्षिक मनोवैज्ञानिकहरू, भाषण चिकित्सकहरू, आदिको व्यवस्था गर्नुहोस्।

**उपयोगी वेबसाइटहरू र सोधपुछ टेलिफोन नम्बरहरू**

शिक्षा ब्यूरो
http://www.edb.gov.hk

| | |
|---|---|
| हङकङ क्षेत्रीय शिक्षा कार्यालय | 2863 4646 |
| काउलुन क्षेत्रीय शिक्षा कार्यालय | 3698 4108 |

| | |
|---|---|
| नयाँ क्षेत्रहरू पूर्व क्षेत्रीय शिक्षा कार्यालय | 2639 4876 |
| नयाँ क्षेत्रहरू पश्चिम क्षेत्रीय शिक्षा कार्यालय | 2437 7272 |
| विशेष शिक्षा सम्बन्धी सामान्य सोधपुछ | 3698 3957 |
| शैक्षिक मनोविज्ञान सेवा खण्ड | |
| • हङकङ | 3695 0486 |
| • काउलुन | 3698 4321 / 3907 0949 |
| • नयाँ क्षेत्रहरू पूर्व | 3547 2228 |
| • नयाँ क्षेत्रहरू पश्चिम | 2437 7270 |

**"SENSE" एकीकृत शिक्षा र विशेष शिक्षासम्बन्धी अनलाइन जानकारी**
https://sense.edb.gov.hk

• आईडी भएका विद्यार्थीहरूलाई सहयोग गर्ने बारे जानकारी
https://sense.edb.gov.hk/en/types-of-special-educational-needs/intellectual-disability/index.html

• "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण सम्बन्धी आमाबुबाहरुका लागि गाइड"
https://sense.edb.gov.hk/uploads/page/integrated-education/guidelines/ieparentguide.pdf

• "एकीकृत शिक्षाको लागि सम्पूर्ण विद्यालय दृष्टिकोण" सम्बन्धी सञ्चालन गाइड"
https://sense.edb.gov.hk/uploads/page/integrated_education/landing/ie_guide_en.pdf

स्वास्थ्य विभाग

| | |
|---|---|
| बाल मूल्याङ्कन सेवा | https://www.dhcas.gov.hk/en/ |
| विद्यार्थी स्वास्थ्य सेवा | https://www.studenthealth.gov.hk/eindex.html |

सामाजिक कल्याण विभाग
https://www.swd.gov.hk